भाग २

स्थानीय सरकार

| परशुराम नगरपालिकाद्वारा प्रकाशित |
|---|
| **खण्ड ६ संख्या १५ मिति २०८०/०९/२६** |
| जोगबुडा,डडेल्धुरा,सुदूरपश्चिम प्रदेश,नेपाल |

# सामुदायिक विद्यालय समायोजन कार्यविधी २०७७ लाई संसोधन गर्न बनेको कार्यविधी

प्रस्तावना: परशुराम नगरपालिकाको सामुदायिक विद्यालय समायोजन कार्यविधी २०७७ लाई संसोधन गर्न वाञ्छनीय भएकाले,

परशुराम नगरपालिका नगरकार्यपालिकाको मिति २०८०।०९।२१ गते बसेको वैठकले यो कार्यविधी बनाएको छ ।

१. (१) यस कार्यविधीको नाम सामुदायिक विद्यालय समायोजन (प्रथम संसोधन) कार्यविधी २०७७ रहेको छ ।

२. यो कार्यविधी तुरुन्त प्रारम्भ हुनेछ ।

परिच्छेद- २

विद्यालय समायोजनका सैद्धान्तिक आधार

कार्यविधीको यस परिच्छेदमा भएका व्यवस्थाहरु हटाइ देहायका व्यवस्था राखिएको:

(१). विद्यालय समायोजन तथा एकिकरणका आधारहरु:

क)कक्षा १ देखि ३ सम्म संचालित विद्यालयको हकमा जान आउन लाग्ने समय एकतर्फी ३० मिनेट लाग्ने र अन्य कक्षाको हकमा कम्तीमा जान आउन एकतर्फी लाग्ने समय १ घण्टा भन्दा कम समय लाग्ने भएमा समायोजन प्रकृयामा लैजान सकिनेछ ।

ख) विद्यार्थी संख्याको आधारहरु:

| क्र स | संचालित कक्षा | विद्यार्थी संख्या | कैफियत |
|---|---|---|---|
| १ | १-३ | २० भन्दा कम | |
| २ | १-५ | ५० भन्दा कम | |
| ३ | ६-८ | ३० भन्दा कम | |
| ४ | ९-१० | ३० भन्दा कम | |
| ५ | ११-१२ | ५० भन्दा कम | |

ग)विद्यालय एकिकरण तथा समायोजनका लागि माथि उल्लेखित व्यवस्था भएपनि विद्यालय एकिकरण तथा समायोजनमा पहल गर्दा भौगोलिक बिकटता तथा आवश्यकतालाई ध्यानमा राख्नुपर्नेछ।

घ) विद्यालय समायोजन गर्दा विद्यालय समायोजन भएर अर्को विद्यालयमा गाभिने साविकको विद्यालयमा कम्तीमा बालविकास कक्षा संचालन गर्न सकिनेछ ।

ङ) विद्यालयको स्तर बृद्धिका लागि आवश्यक विद्यार्थी संख्या भौतिक अवस्था र समुदायबाट विद्यालयको आर्थिक व्ययभार व्यहोर्न नसकेका र प्रतिस्पर्धात्मक भावना सृजना हुननसकेका नजिकैका विद्यालयहरुबाट विद्यालय समायोजन तथा एकिकरण गर्न सकिनेछ ।

(२). विद्यालय समायोजन एवम् एकीकरणका प्रक्रिया:

क) विद्यालय समायोजन सम्बन्धमा यस कार्यविधीमा भएको व्यवस्था यसै बमोजिम लागु हुने र अन्य व्यवस्थाहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

ख) नगरपालिकाले विभिन्न अध्ययनका आधारमा समायोजन तथा एकीकरण गर्नुपर्ने विद्यालयको पहिचान गरी एकीकरण एवम् समायोजनका लागि सम्बन्धित विद्यालय र उक्त विद्यालय रहेको वडा कार्यालयलाई पत्राचार गरी समायोजनको प्रक्रियालई अगाडि बढाउने । साथै सम्बन्धित विद्यालयले पत्राचार भएको एक हप्ता भित्र नगरपालिकालाई जानकारी गराउनु पर्नेछ ।

ग) एकीकरण तथा समायोजनका लागि सूचीकृत विद्यालयलाई निर्धारित समयमा प्रकृयामा आउन र प्रकृयामा आउन नसकेमा नगरपालिकाबाट प्रदान हुने कुनै किसिमको अनुदान उपलब्ध गर्न बाध्य हुने छैन ।

प्रमाणीकरण मिति: २०८०/०९/२५

आज्ञाले

कृष्णदेव जोशी

प्रमुख प्रशासकीय अधिकृत